# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, जेठ ९ गते २०५१ साल ( संख्या ६

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कंचनपुर जिल्लास्थित शाही शुक्ला फाँट वन्यजन्तु आरक्षको घोषणासम्बन्धी खण्ड २६ संख्या १४ मिति २०३३।४।४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन मन्त्रालयको सूचनामा तोकिएको सिमाना हेरफेर गरी देहाय बमोजिमको सिमाना कायम गरेको छ :–

पूर्व : स्याली नदीको शिरचुरेको पानी ढलोबाट स्याली नदीको पूर्वी किनारा हुँदै पिपलाडी महेन्द्र राजमार्गसम्म त्यसपछि स्याली नदीको पूर्वी किनारा हुँदै चानदेव र ढक्का गाउँको नजीक दोधा नदीको किनारामा रहेको आरक्ष सिमाना खम्बा नं.७ सम्म।

पश्चिमः तल्लो झिलमिलाको बाहुनी खोलाको किनारमा रहेको आरक्ष सिमाना खम्बा नं. १२ बाट नेपाल भारत अन्तर्राष्ट्रिय सिमाना २८ नं. पिलर हुँदै नेपाल भारत अन्तरराष्ट्रिय सिमाना पिलर नं. २३ सम्म, त्यसपछि महाकाली नदीको पश्चिम किनारा हुँदै दोधारा चादनी क्षेत्रलाई बाहिर पारि उत्तरमा महेन्द्रनगर नगरपालिका (म.न. न. पा) वार्ड नं. १३ पिपरैया बस्ने परे चदाराको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवादी खेत नजीक महाकाली नदीको किनारामा रहेको आरक्ष सिमाना खम्बा नं १ सम्म ।

उत्तर: महेन्द्रनगर नगरपालिका वार्ड नं.१३ पिपरैया बस्ने परे चदाराको आवादी खेत नजीक महाकाली नदीको किनारामा रहेको आरक्ष सिमाना खम्बा नं.१ बाट आवादी र जंगल छुट्याउने महाकाली सिंचाई आयोजनाले बनाएको तारवार हुँदै महेन्द्रनगर नगरपालिका वार्ड नं. १४ नयाँ कटान (पलिया) वनकट्टिमा वैरागी कामीको घर जग्गा नजीक रहेको आरक्ष सिमाना खम्बा नं.२ सम्म, त्यहाँबाट नयाँ कटान क्षेत्रलाई बाहिर पारि शुक्लाफाँट आरक्ष हेड क्वाटरको मुल गेटसम्म, त्यहांबाट एयरपोर्ट क्षेत्रलाई बाहिर पारि महेन्द्र नगर नगरपालिका वार्ड नं.१६ बस्ने भरत चन्दको आवादी जमिनको नजीक रहेको आरक्ष सिमाना खम्बा नं.३ सम्म, त्यहांबाट तारवार हुँदै गोबरैया गाउँलाई बाहिर पारि पूर्वतर्फ महेन्द्रनगर नगरपालिका वार्ड नं.१५ गोबरैया नालाको छेउमा रहेको आरक्ष सिमाना खम्बा नं.४ सम्म, त्यहाँबाट पूर्वतर्फ गोबरैया नालाको पूर्वी किनारा हुँदै मंगलसेरा खैरभट्टि गाउँलाई बाहिर पारि महेन्द्रनगर नगरपालिका वार्ड नं.१९ वागफाँट गोबरैया नालाको पूर्वी किनारामा रहेको आरक्ष सिमाना खम्बा नं. ५सम्म, त्यहाँबाट गोवरैया नालाको पूर्वी किनारा हुँदै वाग फाँटालाई बाहिर पारि गोबरैया नाला र चौधर नदीको दोभानमा रहेको आरक्ष सिमाना खम्बा नं.६ सम्म, त्यहाँबाट चौघर नदीको पश्चिमी किनारा हुँदै चौंघर र रडाहा नदीसम्म, त्यसपछि रडाहा नदीको पश्चिम किनारा हुँदै चम्पापुर गाउँलाई बाहिर पारि चुरियाको दक्षिण पानी ढलसम्म ।

दक्षिण: चाढदेव धक्का गाउँको नजीक दोधा नदीको किनारमा रहेको आरक्ष सिमाना खम्बा नं.७ बाट बेलौरी राजमार्ग नजीक रहेको आरक्ष सिमाना खम्बा नं, ८ सम्म त्यहाँबाट चानदेव गाउँलाई बाहिर पारि चानदेव गाउँको उत्तर पश्चिम हुँदै जंगल बीचको वन सिमानाबाट ढक्का नयाँ कटान, भतपुरी–कलकता मुल बाटो नजीक कलकता गाउँ विकास समिति वार्ड नं.९ बस्ने वीरबहादुर केसीको आवादी जग्गा नजीकरहेको आरक्ष सिमाना खम्बा नं.९ सम्म, त्यहाँबाट ढक्का नयाँ कटान क्षेत्रलाई बाहिर पारी महाकाली सिचाईद्वारा निर्मित मैन थ्रि नहरको मोड, बेलडाडी गाउँ विकास समिति वार्ड नं. ९ बस्ने गोरे दमाईको आवादी जग्गा नजीक कलरे डाँडामा रहेको आरक्ष सिमाना खम्बा नं.१० सम्म, त्यहाँबाट महाकाली सिंचाईद्वारा निर्मित मेन थ्रि नहर हुँदै पश्चिमतर्फ वेलडाडि कालीकिच्च तालको छेउसम्म, त्यहाँबाट मोहनपुर भुरसुवा हुँदै चौधर खोलाको दक्षिणी छेउमा राधापुर गाउँको उत्तर पश्चिम कुनाको चउरमा रहेको आरक्ष सिमाना खम्बा नं.११ सम्म, त्यहाँबाट दक्षिण पश्चिम



82

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इमलिया गाउँलाई बाहिर पारि झिलमिलासम्म, त्यहाँबाट महाकाली सिंचाईले बनाएको नहरको किनारा हुँदै तल्लो झिलमिला गाउँको पश्चिम किनारा तिलाचौर बाहुनी नदीको छेउ तिलाचौर मिनबहादुर रोकायाको आवादी जग्गाको नजीक रहेको आरक्ष सिमाना खम्बा नं. १२ सम्म ।

आज्ञाले,
दीपेन्द्रपुरूष ढकाल
श्री ५ को सरकारको सचिव

## सूचना २

### नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी) विभाजन र नियुक्ति नियमहरू, २०५१

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "नेपाल वन सेवा (गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा,–

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ।

(ग) "सेवा" भन्नाले नियम ३ बमोजिमको नेपाल वन सेवा सम्झनु पर्छ ।

(घ) "समूह" भन्नाले नियम ४ को उपनियम (१) बमोजिमको समूह सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले नेपाल वन सेवाका निजामती कर्मचारी सम्झनु पर्छ ।

३. सेवाको गठनः– ऐनको दफा ३ बमोजिम नेपाल वन सेवा गठन गरिएको छ ।

४. सेवामा रहने समूह, श्रेणी र पदः– (१) सेवामा कामको प्रकृति, सो काम सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्ठता समेतको आधारमा सेवाभित्रको समान प्रकृतिका पदहरू समावेश भएका अनुसूची–१ बमोजिमका समूहहरू रहने छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सेवामा देहायका श्रेणीहरू रहनेछन्:

(क) राजपत्राङ्कित

(१) विशिष्ट श्रेणी,

(२) प्रथम श्रेणी,

(३) द्वितीय श्रेणी र

(४) तृतीय श्रेणी ।

(ख) राजपत्र अनंकित

(१) प्रथम श्रेणी,

(२) द्वितीय श्रेणी,

(३) तृतीय श्रेणी र

(४) चतुर्थ श्रेणी ।

(३) सेवाको विशिष्ट श्रेणीमा श्री ५ को सरकारले तोके बमोजिमका पदहरू रहन सक्नेछन् ।

(४) विभिन्न समूहमा रहने श्रेणीका र श्रेणी विहिन पदहरू अनुसूची– २ बमोजिम हुनेछन् ।

५. समूहीकृत हुने: (१) यी नियमहरू प्रारम्भ हुँदाको बखत नेपाल वन सेवाको जनरल फरेष्ट्री समूह, स्वायल एण्ड वाटर कन्जरभेशन समूह, वोटनी समूह, नेसनल पार्क्स एण्ड वाईल्ड लाईफ समूह, फरेष्ट रीसर्च समूह र हात्तिसार समूहमा समूहीकृत भई कार्यरत रहेका कर्मचारीहरू तत् तत् समूहमा समूहीकृत भएका मानिनेछन् ।

(२) यी नियमहरू प्रारम्भ हुँदाका बखत नेपाल वन सेवामा कार्यरत कर्मचारी-हरू मध्ये उप-नियम (१) बमोजिमका कर्मचारीहरू बाहेक अन्य कर्मचारीहरू-लाई निजहरू बहाल रहने समूहमा पद सहित निर्धारण गरी जानकारी गराइनेछ ।

६. रिक्त पदको पूर्ति: (१) सेवा तथा समूहका रिक्त पदहरूको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

(२) श्रेणी विहीन पदहरू शुरू नियुक्तिद्वारा पूर्ति गर्दा खुला प्रतियोगिताद्वारा गरिनेछ ।

७. नियुक्तिको लागि योग्यता: सम्बन्धित समूहको रिक्त पदमा खुला प्रतियोगिता-द्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएका र अनुसूची ३ बमो-जिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरू उम्मेदवार हुन सक्नेछन् ।



८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. सरुवाको व्यवस्थाः समूहका कर्मचारीलाई सरुवा गर्दा नियमावलीको परिच्छेद ६ को अधिनमा रही समूह भित्रको पदमा मात्र सरुवा गरिनेछ ।

९. शैक्षिक योग्यता सम्बन्धी व्यवस्थाः कार्यक्षमताको मूल्यांकनद्वारा बढुवा हुनको निमित्त राजपत्रांकित पदहरूको हकमा नियमावलीको नियम ८१ को उपनियम (३) बमोजिमको शैक्षिक योग्यता र राजपत्र अनंकित पदहरूको हकमा तत् तत् पदहरूमा सेवा प्रवेशको लागि निर्धारित शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

तर यी नियमहरू प्रारम्भ हुँदाको बखत कुनै समूहमा वहाल रहेका कर्मचारीको हकमा निजले त्यस्तो समूहमा प्रवेश गर्दा तत्काल प्रचलित कानून बमोजिम तोकिएको शैक्षिक योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

१०. सेवा, समूह सञ्चालनसम्बन्धी व्यवस्थाः नीतिगत कुराहरूमा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय राखी सेवा, समूहहरूको सञ्चालन र प्रशासन वन तथा भू-संरक्षण मन्त्रालयले गर्नेछ ।

११. अनुसूचीमा हेरफेर वा थपघटः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

१२. खारेजी र बचाउः (१) नेपाल वन सेवा (गठन) नियम, २०१६, नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ र हात्तिसार समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०४० खारेज गरिएका छन् ।

(२) उप-नियम (१) मा उल्लिखित नियमावली तथा नियमहरू बमोजिम भए गरेका काम कारवाहीहरू यी नियमहरू बमोजिम नै भए गरेको मानिनेछन् ।

८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– १

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

**सेवामा रहने समूहहरू**

(क) जनरल फरेष्ट्री
(ख) स्वायल एण्ड वाटर कन्जरभेशन
(ग) बोटनी
(घ) नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ
(ङ) फरेष्ट रिसर्च
(च) हात्तिसार

मुद्रण विभाग, सिंहदरबार

८६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

नियम ४ को उपनियम (४) सँग सम्बन्धित

सेवा वा समूह, उप-समूहमा रहने पदहरूको नाम

| (क) जनरल फरेष्ट्री | (ख) स्वायल एण्ड वाटर कन्जरभेशन | (ग) नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ | (घ) वोटनी | (ङ) फरेष्ट रिसर्च | (च) हात्तिसार |
|---|---|---|---|---|---|
| १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद | १. राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद | |
| प्रमुख योजना अधिकृत | महानिर्देशक | महानिर्देशक | महानिर्देशक | कार्यकारी निर्देशक | |
| प्रमुख अनुगमन तथा मूल्याङ्कन अधिकृत | उप-महानिर्देशक | उप-महानिर्देशक | उप-महानिर्देशक | निर्देशक | |
| महा-निर्देशक | | | | | |
| उप-महानिर्देशक | | | | | |
| क्षेत्रीय-निर्देशक | | | | | |
| २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २. राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | |
| योजना अधिकृत | अनुगमन तथा मूल्याङ्कन अधिकृत | योजना अधिकृत | योजना अधिकृत | अनुसन्धान अधिकृत | |
| अनुगमन तथा मूल्याङ्कन अधिकृत | योजना अधिकृत | इकोलजिष्ट | अनुगमन तथा मूल्याङ्कन अधिकृत | मानचित्रण अधिकृत | |
| सामुदायिक वन विकास अधिकृत | जलाधार संरक्षण अधिकृत | संरक्षण शिक्षा अधिकृत | वैज्ञानिक अधिकृत | दूर सम्वेदन अधिकृत | |
| वृक्ष सुधार अधिकृत | भू-संरक्षण अधिकृत | व्यवस्थापन अधिकृत | खाद्य अनुसन्धान अधिकृत | सर्भेक्षण अधिकृत | |
| प्रचार प्रसार अधिकृत | प्रविधि प्रसार अधिकृत | प्रमुख संरक्षण अधिकृत | खाद्यवस्तु गुण नियन्त्रक | वायो-मेट्रिसियन | |
| तालिम अधिकृत | अनुसन्धान अधिकृत | | खाद्य प्रयोगशाला अधिकृत | चित्रण अधिकृत | |
| वन संरक्षण अधिकृत | जिल्ला भू-संरक्षण अधिकृत | | | वरिष्ठ वातावरण अधिकृत | |
| वन व्यवस्थापन अधिकृत | | | | वरिष्ठ उर्जा अधिकृत | |
| वन पैदावार अधिकृत | | | | | |
| जिल्ला वन अधिकृत | | | | | |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद |
|---|---|---|---|---|---|
| सहायक वन विकास अधिकृत<br>सहायक योजना अधिकृत<br>सहायक अनुगमन तथा मूल्याङ्कन अधिकृत<br>सहायक वन अधिकृत<br>जिल्ला वन अधिकृत<br>सहायक तालिम अधिकृत<br>सहायक वन व्यवस्थापन अधिकृत<br>सहायक वन पैदावार अधिकृत<br>सहायक कबुलियत वन अधिकृत<br>सहायक वन संरक्षण अधिकृत<br>सहायक प्रचार प्रसार अधिकृत | सहायक तालिम अधिकृत<br>सहायक प्रचार प्रसार अधिकृत<br>सहायक योजना अधिकृत<br>सहायक अनुगमन अधिकृत<br>सहायक जलाधार संरक्षण अधिकृत<br>सहायक प्रविधि प्रसार अधिकृत<br>सहायक अनुसन्धान अधिकृत<br>फरेष्ट हाइड्रोलजिष्ट<br>सहायक भू-संरक्षण अधिकृत<br>जिल्ला भू-संरक्षण अधिकृत | सहायक संरक्षण शिक्षा अधिकृत<br>सहायक इकोलजिष्ट<br>सहायक व्यवस्थापन अधिकृत<br>सहायक योजना अधिकृत<br>सहायक संरक्षण अधिकृत<br>संरक्षण अधिकृत | सहायक योजना अधिकृत<br>सहायक अनुगमन तथा मूल्याङ्कन अधिकृत<br>इकोलजिष्ट<br>सहायक प्रचार प्रसार अधिकृत<br>सहायक तालिम अधिकृत<br>सहायक अनुसन्धान अधिकृत<br>सहायक वैज्ञानिक अधिकृत<br>उद्यान अधिकृत<br>सहायक खाद्य अनुसन्धान अधिकृत<br>सहायक खाद्य प्रयोगशाला अधिकृत<br>सहायक खाद्य नियन्त्रक | सहायक अनुसन्धान अधिकृत<br>सहायक सर्भेक्षण अधिकृत<br>सहायक योजना अधिकृत<br>सहायक फोटो अधिकृत<br>सहायक मानचित्रण अधिकृत<br>सहायक दूर संवेदन अधिकृत<br>सहायक वायो-मेट्रिसियन<br>अर्थविज्ञ | ग्याजेटेड सुब्बा |
| **४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** | **४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** | **४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** | **४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** | **४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** | **४. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** |
| रेन्जर<br>प्रा. स. | प्रा. स. (वन)<br>भू-संरक्षण सहायक | प्रा. स. | सुपरभाइजर<br>असिष्टेण्ट बोटानिष्ट<br>हेड गार्डेनर<br>क्युरेटर<br>प्रा. स. | | सुब्बा |
| **५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद** | | | **५. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद** | | **राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद** |
| फरेष्टर | | | हेड-फिल्ड असिष्टेण्ट | | डरोमा ब्वाइलर मैन |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>वन कार्य सहायक<br>(मुख्य वन पाले) | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>फिल्ड असिष्टेण्ट | ६. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद<br>राउत |
| ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद<br>सिनियर गेम स्काउट | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद<br>हेड-कामदार | ७. राजपत्र अनङ्कित चतुर्थ श्रेणीमा रहने पद<br>फनिद, पछुवा, |
| ८. श्रेणी विहीन पद | | ८. श्रेणी विहीन पद |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची– ३

(नियम ७ सँग सम्बन्धित)

### सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता

(क) जनरल फरेष्ट्री समूहको लागि

| क्र.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | रा.प. अनं. तृतीय श्रेणी पद वन कार्य सहायक (मुख्य वन पाले) | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण । |
| २. | रा.प. अनं. द्वितीय श्रेणीको पद फरेस्टर | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. पास गरी वन सम्बन्धी १० महिनाको तालीम प्राप्त । |
| ३. | रा. प. अनं. प्रथम श्रेणीको पद रेन्जर, प्रा. स. | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह उत्तीर्ण । |
| ४. | रा. प. तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ५. | रा. प. प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्र. सं. ४ मा उल्लेखित विषयमा स्नातकोत्तर भई नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

(ख) स्वायल एण्ड वाटर कन्जरभेशन समूहको लागि

| क्र. सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | रा. प. अनं. प्रथम श्रेणीको पद रेन्जर, भू-संरक्षण सहायक, प्रा.स. | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह । |
| २. | रा. प. तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वायल एण्ड वाटर कन्जरभेशन विषय लिई वन विज्ञान वा कृषि विज्ञान वा कृषि इन्जिनियरिङमा स्नातक वा सो सरह उत्तीर्ण । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ३. रा. प. प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्र. सं. २ मा उल्लेखित विषयहरू मध्ये कुनै एक विषयमा स्नातकोत्तर भई नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

(ग) वोटनी समूहको लागि

| क्र. सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | रा. प. अनं. चतुर्थ श्रेणीको पद हेड कामदार | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण । |
| २. | रा. प. अनं. तृतीय श्रेणीको पद फिल्ड असिस्टेण्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण । |
| ३. | रा. प. अनं. तृतीय श्रेणीको पद हेड फिल्ड असिस्टेण्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण भई सम्बन्धित विषयमा ६ महिनाको अनुभव प्राप्त । |
| ४. | रा. प. अनं. प्रथम श्रेणीको पद असिस्टेण्ट वोटानिष्ट, क्यूरेटर हेड गार्डनर, सुपरभाइजर | मान्यता प्राप्त शिक्षण संस्थाबाट वायोलोजी विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ५. | रा. प. तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पति शास्त्र विषय लिई विज्ञानमा स्नातक उपाधि वा सो सरह उत्तीर्ण । |
| ६. | रा. प. प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्र. सं. ५मा उल्लिखित विषयमा स्नातकोत्तर भई नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

(घ) नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ समूहको लागि

| क्र. सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | श्रेणी विहीन गेम स्काउट | साधारण लेखपढ गर्न जान्ने भई स्वस्थ र तन्दुरुस्त भएको । |
| २. | रा. प. अनं. चतुर्थ श्रेणीको पद सिनियर गेम स्काउट | मान्यता प्राप्त शिक्षण संस्थाबाट अष्टम कक्षा उत्तीर्ण भई सम्बन्धित विषयमा ६ महिनाको अनुभव प्राप्त । |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ३. | रा. प. अनं. प्रथम श्रेणीको पद रेन्जर, प्रा. स. | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान-मा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ४. | रा. प. तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वाइल्ड लाइफ मेनेजमेण्ट वा वाइल्ड लाइफ इकोलोजी वा पार्क्स एण्ड रिक्रियसन वा नेचरल रिसोर्सेज मेनेजमेण्टमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ५. | रा. प. प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्र. सं. ४ मा उल्लेखित विषयहरूमध्ये कुनै एक विषयमा स्नातकोत्तर भई नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

(ङ) फरेष्ट रिसर्च समूहको लागि

| क्र. सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | रा. प. अनं. प्रथम श्रेणीको पद रेन्जर | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान-मा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| २. | रा. प. तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वाइल्ड लाइफ मेनेजमेण्ट वा वाइल्ड लाइफ इकोलोजी वा पार्क्स एण्ड रिक्रियसन वा नेचरल रिसोर्सेज मेनेज-मेण्टमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ३. | रा. प. प्रथम तथा द्वितीय | मान्यता प्राप्त शिक्षण संस्थाबाट क्र. सं. २ मा उल्लेखित विषयहरूमध्ये कुनै एक विषयमा स्नातकोत्तर भई नियमावलीको नियम १५ को उपनियम (२) बमोजिम अनुभव प्राप्त । |

(च) हात्तिसार समूहको लागि

| क्र. सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | श्रेणी विहीन पद माहुत | साधारण लेखपढ गर्न जान्ने, स्वास्थ्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | तन्दुरुस्त भई रूख चढन सक्ने र हात्ती हाक्न जान्ने । |
| २. | रा. प. अनं. चतुर्थ श्रेणीको पद फणित । पछुवा | सवारी सहित हात्ती हाक्न जान्ने, हात्तीको दाना पानी खाए नखाएको छुट्याउन जानेको हात्तीको नियन्त्रण गर्न जानेको, हात्तीको स्वास्थ्य स्याहार सुसार, खान पिन (कुची बनाउन जान्ने), हात्तीको चरी चरन सम्बन्धी ज्ञान भई हात्तीसम्बन्धी एक वर्षको अनुभव प्राप्त । |
| ३. | रा. प. अनं. तृतीय श्रेणीको पद राहुत | हात्तीको दाना पानी, खटन पटन, नियन्त्रण र सवारी चलाउँदा प्रयोग हुने सामाग्रीहरू बनाउन जान्ने र हात्तीको स्वास्थ्यसम्बन्धी ज्ञान भई हात्तीसम्बन्धी काममा पाँच वर्षको अनुभव प्राप्त । |
| ४. | रा. प. अनं. द्वितीय श्रेणीको पद दरोगा | हात्तीको स्याहार सुसार, दाना पानी, स्वास्थ्यसम्बन्धी र हात्तीको कम्पाउण्ड (बस्ने ठाउँ) सम्बन्धी ज्ञान भएको, मात्तिएको हात्तीलाई नियन्त्रण गर्न सक्ने, हात्तीलाई तालिम दिन जान्ने भई हात्ती सम्बन्धी काममा चार वर्षको अनुभव प्राप्त । |
| ५. | रा. प. अनं. प्रथम श्रेणीको पद नायब सुब्बा | हात्तीको स्याहार सुसार, दाना पानी (घाँस समेत) चरिचरणसम्बन्धी ज्ञान भएको, क्वारिण्टिन हाउस, तौलने पुल, घाँस थिचेर डल्लो पार्ने र दाना पिंधेर डल्लो पार्ने मेसिन, नम्बर खोप्ने मेसिनको प्रयोग गर्न जानेको, हात्ती परिचालनमा चाहिने सामानहरूको ज्ञान भएको, वन्य-जन्तु बिरामी भई औषधी उपचार गर्दा हात्तीको प्रयोग गर्न जानेको, वन्य जन्तु र वन्यजन्तुको बासस्थानसम्बन्धी साधारण जानकारी, वन्यजन्तुलाई समाउँदा |



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| | ( Trapping ) हात्तीको प्रयोग गर्न जान्ने, हात्ती भागेमा त्यसलाई कब्जामा लिन जान्ने, हात्ती र परिचालकलाई तालिम दिन जान्ने भई हात्तीसम्बन्धी काममा ६ वर्षको अनुभव प्राप्त । |
| ६. रा. प. तृतीय श्रेणीको पद गजेटेड सुब्बा | माथिएको हात्तीलाई नियन्त्रण, हात्तीको परिचालन र हात्तीलाई तालिम दिन जान्ने, हात्तीको बच्चालाई तालिम तथा स्याहार सुसारसम्बन्धी ज्ञान भएको, वन्यजन्तुको बासस्थान र वन्यजन्तुहरूको साधारण ज्ञान भएको, वन्यजन्तु बिरामी भई उपचार गराउनु पर्दा र वन्यजन्तुलाई समाउँदा ( Trapping ) हात्तीको प्रयोगसम्बन्धी ज्ञान भएको र हात्तीको उमेर छुट्याउने ज्ञान भई हात्तीसम्बन्धी काममा दश वर्षको अनुभव प्राप्त । |

स्पष्टीकरणः यस अनुसूचीको प्रयोजनको लागि मान्यता प्राप्त शिक्षण संस्था भन्नाले लोक सेवा आयोगबाट मान्यता प्राप्त शिक्षण संस्था संझनु पर्छ ।

आज्ञाले,
गोपालमान श्रेष्ठ
श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## निर्वाचन आयोगको सूचना

श्री ५ को सरकारको मिति २०५१।१।१४ को निर्णयानुसार यस आयोगका उप सचिव श्री सुधीन्द्रनाथ अधिकारीको सेवा अवधि २०५१ साल जेष्ठ मसान्तमा ३० वर्ष पुग्ने भएकोले २०५१ साल आषाढ १ गतेबाट निजामती सेवा नियमावली, २०५० को निमम १०४ बमोजिम दुई वर्षको सेवा अवधि थप गरिएको छ ।

आज्ञाले,
टेकबहादुर थापा
निर्वाचन आयोगको सचिव

## भूलसुधार

खण्ड ४३, संख्या ४६ भाग ३, मिति २०५०।१२।१५ गतेको नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचनाको नियम ८ को उपनियम १ मा "तर रासनको व्यवस्था भएको स्थानमा खटी गएमा दैनिक भत्ता पाउने छैन" हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

रक्षा मन्त्रालय ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।